# भ्रष्टाचार विरुद्धको रणनीति तथा कार्ययोजना कार्यान्वयन सम्बन्धी अन्तरक्रियात्मक कार्यशाला

(मिति २०७० असार २८ गते)

शान्ति तथा पुनर्निर्माण मन्त्रालयको चालु आ.व. २०६९।७० को स्वीकृत बार्षिक कार्यक्रमको बुँदा नं. ६ बमोजिम भ्रष्टाचार विरुद्धको रणनीति तथा कार्ययोजना कार्यान्वयन विषयक अन्तरक्रिया गर्ने सम्बन्धमा नेपाल सरकार (सचिवस्तर) को मिति २०७०।२।१७ को निर्णयानुसार मिति २०७० साल असार २८ गते भ्रष्टाचार विरुद्धको रणनीति तथा कार्ययोजना कार्यान्वयन सम्बन्धी कार्यशाला सम्पन्न भयो ।

अपरान्ह ३:०० बजेबाट आरम्भ गरिएको उक्त अन्तरक्रियात्मक कार्यशालामा शान्ति तथा पुनर्निर्माण मन्त्रालय, राहत तथा पुनस्थापन इकाई, बबरमहल, द्वन्द्वोत्तर शान्ति तथा पुनर्निर्माण परियोजना, बबरमहल, शान्ति कोष सचिवालय, बबरमहल, द्वन्द्व प्रभावित व्यक्ति, परिवार तथा संरचनाको लगत संकलन कार्यदल, बबरमहलमा कार्यरत कर्मचारीहरुको सहभागिता रहेको थियो ।

सुशासन लोकतन्त्रको मुटु हो । भ्रष्टाचार रहित समाज आजको विश्वको आवश्यकता हो । सुशासन र लोकतन्त्रको सम्बन्ध माछा र पानीको जस्तै हुन्छ । लोकतन्त्रलाई संस्थागत गर्न र शासन प्रक्रियालाई लोकतन्त्रका आधारभूत मान्यता अनुरुप सञ्चालन गर्नका लागि सुशासन महत्वपूर्ण भूमिका खेल्दछ । सार्वजनिक सेवाको प्रवाहलाई प्रभावकारी तुल्याउन, विधिको शासनको पालना, भ्रष्टाचार र अनियमितताको रोकथाम र नियन्त्रण गर्नकालागि हामिले आफ्नो तर्फबाट कस्तो भूमिका निभाउन सक्छौं र भ्रष्टाचार नियन्त्रणमा हाम्रो योगदान के हुन सक्छ भन्ने जानकारी गराउन आवश्यक ठानी यो कार्यशाला आयोजना गरिएको थियो ।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगका सहसचिव श्री श्रीधर सापकोटा तथा शान्ति तथा पुनर्निर्माण मन्त्रालय प्रशासन, योजना तथा बैदेशिक सहयोग समन्वय महाशाखा प्रमुख सहसचिव श्री लक्ष्मीशरण घिमिरेले कार्यपत्र प्रस्तुत गर्नुभएको थियो ।

शान्ति तथा पुनर्निर्माण मन्त्रालयका निमित्त सचिव श्री दीपेन्द्र नाथ शर्माले उक्त कार्यशालाको अध्यक्षता गर्दै भ्रष्टाचार विरुद्धको रणनीति तथा कार्ययोजनामा भएका यस मन्त्रालयसँग सम्बन्धीत बुँदाको कार्यान्वयन स्थिती सन्तोषजनक नै रहेको कुरा जानकारी गराउनु भएको थियो । सो क्रममा उहाँले प्रत्येक कर्मचारीले आफ्नो व्यवहारमा सुधार गरे पक्कै पनि भ्रष्टचार कम भएर जाने कुरा राख्नुभएको थिये ।

कार्यपत्रको प्रस्तुति पश्चात सहभागिहरुले भ्रष्टाचार नियन्त्रण र यसमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगले खेलेको भूमिकाको बारेमा विभिन्न जिज्ञासा राख्नुभएको थियो र उक्त जिज्ञासालाई कार्यपत्र प्रस्तुतकर्ताहरुबाट सम्बोधन गर्ने कार्य भएको थियो ।

This document was created using SmartPDF Creator
To remove this message purchase the product at www.SmartPDFCreator.com